# मार्च २१ मा इङ्गल्यान्ड र वेल्समा हुने जनगणनामा सहभागी हुन सार्वजनिक अनुरोध


विगत केही वर्षदेखि बेलायतमा छुट्टै नेपाली पहिचान (इथ्निक क्याटागोरी) लाई सरकारबाट मान्यता दिलाउन सेन्टर फर नेपाल स्टडिज युके (सीएनएस-युके) र गैरआवासीय नेपाली संघ युकेले निरन्तर प्रयास गरिरहेको सबैलाई जानकारी छ। सबै नेपाली संघसंस्था तथा समाजका सक्रिय एवम सचेत महानुभावहरूको सहयोगमा हामीले सन् २००८ मा आफ्नै आन्तरिक जनगणना गरेका थियौँ। यसैको आधारमा निरन्तर रूपमा अफिस फर न्याशनल स्ट्याटिस्टिक्स् (ओएनएस) लगायत विभिन्न स्तरका सरकारी निकायहरूसँग सप्रमाण नेपाली पहिचान (इथ्निक क्याटागोरी) का लागि माग र वकालत गर्दै आइरहेका छौँ। यसअघि सन् २०११ को राष्ट्रिय जनगणनामा पनि हामी नेपालीले ठूलो सङ्ख्यामा भाग लिई सकेका छौं।

यसै सन्दर्भमा संयुक्त अधिराज्य बेलायत सरकारले मार्च २१ आइतबारका दिन इङ्गल्यान्ड, वेल्स् र नर्दन आयरल्यान्डमा गर्न लागेको जनगणना हाम्रो लागि ठूलो अवसर बनेर आएको छ। मार्चको पहिलो सातामा अधिकांश (९०%) को घरमा जनगणनाको एक्सेस् कोडसहित एक पत्र प्राप्त हुनेछ (बाँकी ठाउँमा कागजको फाराम नै उपलब्ध हुनेछ।)। सोअनुसार अनलाइनमा फाराम भर्न सकिने छ। यो जनगणनामा सबैले फाराम भर्नुपर्ने अनिवार्य कानुनी व्यवस्था छ। जनगणना फाराम भरी/भराई पठाउन हामी सबै बेलायतबासी नेपालीलाई अनुरोध गर्दछौँ।

## फाराम किन भर्ने ?

जनगणनाबाट प्राप्त तथ्याङ्कबाट सरकारले आउने दश वर्षका महत्वपूर्ण योजनाहरू जस्तै यातायात, आवास, स्वास्थ्य र स्कुल निर्माणमा कति बजेट छुट्याउने हो त्यसको खाका तयार गर्दछ। आफ्नो क्षेत्रमा कस्ता र कति मानिस बस्छन् भन्ने आँकडाका आधारमा काउन्सिलहरूले विकास खर्चको तर्जुमा गर्दछन्। हामीले पनि हाम्रो विवरण पेस गरेर आफ्नो माग दर्शाउने र आवश्यकता पूरा गर्ने बाटो सुनिश्चित गर्नुपर्छ। उदाहरणको लागि नेपाली पनि बेलायतमा उल्लेखनीय जनसङ्ख्या भएका विभिन्न जातीय समूहहरूमध्ये एक भएको कुरा सरकारलाई बुझाउन सकेको हुनाले सन् २०११ देखि नै जनगणनाको नमूना फाराम नेपाली भाषामा उल्था गरी उपलब्ध भएको छ। विभिन्न स्थानीय निकायमा नेपाली भाषामा सेवा प्राप्त हुन सुरु भएको छ। हामीले कुनै पनि नेपालीलाई नछुटाई अनि हामी नेपाली हौँ भनि प्रष्ट चिनिने गरि लेखेर हाम्रो सङ्ख्यालाई पूर्णरूपमा प्रस्तुत गर्न आवश्यक छ।

## जान्नुपर्ने केही व्यावहारिक कुराहरू





- तपाईंले ओएनएसबाट (मार्च महिनामा) आफ्नो घरमा आएको पत्रमा उल्लिखित एक्सेस् कोड नम्बर प्रयोग गरि इन्टरनेटबाट सिधै अनलाइन फाराम भरेर पठाउन सक्नुहुन्छ। सरकारले सकेसम्म फाराम अनलाइनमा भर्न भनेको छ। जान्नेको लागि अनलाइन फाराम भर्न छिटो र सजिलो पनि हुन्छ। हाम्रा जातीय पहिचान, भाषा, नागरिकता, जन्मदेशका प्रश्नमा NEP टाइप गर्दा प्रश्नअनुसार स्वत: NEPALI वा NEPAL देखाइ दिन्छ। त्यसैमा क्लिक गर्न सकिन्छ। अनलाइनमा फाराम भर्न निम्न साइटमा जानुहोस्: https://census.gov.uk/en/start/
- एक्सेस् कोड तत्काल लिनु परेमा, वा कोड हराएमा फोन गरेर वा निम्न साइटमा गएर अनलाइनबाट पनि माग्न सकिने छ: https://census.gov.uk/en/request/access-code/enter-address/
- प्रश्नहरू बुझ्न सजिलो होस् भनेर नेपालीमा उल्था गरिएको प्रश्नावली पनि निशुल्क पाउन सकिन्छ। नेपाली नमूना फाराम (पीडीएफ) डाउनलोड गर्न निम्न साइटमा जानुहोस्: https://census.gov.uk/assets/Nepali-Household-Questionnaire-guidance-booklet.pdf
तर फाराम भर्दा भने अंग्रेजी भाषा मै भर्नुपर्ने हुन्छ। [वेल्स्मा बस्नेले वेल्स् भाषामा पनि भर्न सक्ने व्यवस्था छ।] अंग्रेजी भाषाको नमूना फारामहरू यहाँबाट डाउनलोड गर्न सकिन्छ: https://www.ons.gov.uk/census/censustransformationprogramme/questiondevelopment/census2021paperquestionnaires
- कागजको फाराममा लेखेर भर्न चाहेमा ०८०० १४१ २०२१ मा फोन गरेर, फिल्ड स्टाफसँग सम्पर्क गरेर वा इन्टरनेटबाट निम्न साइटमा गएर (थप प्रश्नावली समेत) माग गर्न सक्नुहुन्छ: https://census.gov.uk/en/request/paper-questionnaire/enter-address/
- कागजको फाराममा सामान्यतया परिवारका ५ जना सदस्य र तीन जना पाहुनाको विवरण भर्ने ठाउँ हुन्छ। घरमा त्यसभन्दा बढी मान्छे बस्छन् भने फाराम माग्दा आफूलाई कति जनाको भर्नुपर्ने हो सोहीअनुसार माग्न सकिने छ। तर अनलाइन फाराम चाहिँ घरमा जति जना मानिस भए पनि एकै चोटी भर्न सकिन्छ।
- फाराम भर्न आवश्यक परे आफूलाई विश्वास लागेको अरू कसैको पनि सहयोग लिन पाउनु हुन्छ।
- कागजको फाराम भर्नेले सो फाराम हराएमा, च्यातिएमा वा धेरै केरमेट भएमा माथि लेखिएको साइटबाट नयाँ फाराम माग्न सक्नुहुन्छ। फाराम भरी नपठाए ओएनएसका सङ्कलकहरू घरमै ढोका ढक्ढक्याउन आइ पुग्छन्। जनगणना पूर्ण रूपमा गोप्य हुन्छ र १०० वर्षसम्म तपाईंले भरेको व्यक्तिगत सूचना सरकार निकाय वा अरू कसैलाई देखाइँदैन। त्यस कारण घरमा जति मान्छे बस्ने भए पनि वा कुनै सदस्य गैरकानुनी रूपमा बसोबास गरिरहेको भए पनि फाराम भरी पठाउँदा कुनै असर पर्दैन। तर मार्च २१ को एक रात मात्र बसेको किन नहोस् सबैको विवरण फाराममा भर्न भुल्नु हुँदैन।


## फाराममा एकरुपता ल्याऔँ, NEPALI भरौँ

हामी मौलिकताको आधारमा फाराममा एकरूपता ल्याउन सबैलाई विशेष ध्यान दिनु हुन आह्वान गर्दै निम्न कुराहरू भर्न सुझाव दिन्छौँ :

☞ **इथिनिक ग्रुप (जातीय समूह/ पहिचान) को (व्यक्तिगत प्रश्न नम्बर १५ मा)** सी खण्डमा गई पाचौं बक्स 'एनी अदर एसिएन ब्याकग्राउण्ड' मा टिक लगाई तलको खाली कोठामा NEPALI भर्ने; अनलाइन फाराम भर्दा 'सर्च-यज-यु-टाइप' गर्दा अर्थात् NEP टाइप गर्ने क्रममा NEPALI देखा पर्नेछ, त्यसैमा क्लिक गरेर भर्न पाइने छ।




☞ **मुख्य भाषामा (व्यक्तिगत प्रश्न नम्बर १८ मा)** अदरमा टिक लगाएर खाली कोठामा NEPALI भर्न सकिन्छ। सरकार (ओएनएस) लाई हाम्रो मुख्य नेपाली भाषा र जातीय पहिचानलाई रैथाने NEPALI शब्दले जनाइने बारेमा सन् २०११ मै जानकारी गराइसकिएको र सोको स्वीकार भै सिस्टममा चढीसकेको छ।*




☞ राष्ट्रियताको प्रश्न **(व्यक्तिगत प्रश्न नम्बर १४)** मा एकभन्दा बढी राष्ट्रियता लेख्न सकिने व्यवस्था छ: जस्तै तपाई ब्रिटिश नागरिक हुनुहुन्छ भने त्यसैमा टिक लगाउन र अन्यमा पनि टिक लगाएर NEPALI लेख्न सक्नु हुन्छ। नेपाली नागरिकले अन्यमा मात्र टिक लगाइ NEPALI लेख्नु पर्छ। अनलाईनमा **NEP** टाइप गर्दा **NEPAL** देखा पर्छ। त्यसैमा क्लिक गर्न सकिन्छ।*

☞ त्यस्तै धर्मको प्रश्न **(व्यक्तिगत प्रश्न नम्बर १६)** मा आफूले मान्ने धर्म लिस्टमा दिइएको भए त्यसैमा (मुख्य एउटामा मात्र) टिक लगाउनु र दिएको नभए अन्य खाली ठाउँमा लेख्नुपर्छ। स्मरण रहोस् धर्मको प्रश्न अनिवार्य होइन। भरे पनि हुन्छ, नभरे पनि हुन्छ।

☞ ब्रिटिश गोर्खा सेनामा सेवा गरेका मानिसका लागि पहिचान गर्ने गरि **प्रश्न नं. ३२** दिइएको छ। त्यसैमा टिक लगाउनु पर्छ। यसैबाट गोर्खाहरूको सङ्ख्या थाहा हुने छ। ख्याल गर्नु पर्ने कुरा के छ भने गोर्खा पेसा हो, जात होइन। त्यसैले जातको प्रश्न (**नं. १५**) मा गोर्खा लेख्नु हुँदैन। हाम्रो जातीय पहिचान NEPALI हो। त्यही लेखे पुग्छ।*

[*नोट: NEPAL, NEPALI, NEPALESE जे लेखे पनि जनगणनामा NEPALI मै जोड्ने व्यवस्था छ। हामीले आफुलाई रैथाने भाषामा नेपाली NEPALI भन्ने हुँदा उक्त मौलिक शब्द लेख्नु बाञ्छनीय हुन्छ। थप कारण जान्न यहाँ हेर्नुहोस् https://tinyurl.com/1a4u8dzp.]

## नेपाली संघ संस्थाले सहयोग गरौँ

यो जनगणनामा सबै नेपालीहरूको फाराम भराउनका लागि ठूला साना सबै खाले नेपाली संघ संस्था, समुदाय, र समाजसेवी, कार्यकर्ता तथा सर्वसाधारणहरूको काँधमा ठूलो जिम्मेवारी आएको छ। आफ्नो क्षेत्रका घर घरमा आजैदेखि जनगणनाबारे प्रचारात्मक तथा चेतनामूलक कार्यक्रम गर्न र जनगणनाको दिन र त्यसको अघिपछि जिम्मेवारी बाँडी आफ्नो टोल, छिमेक सञ्जालमा विशेष सहयोग कार्यक्रम राख्नु हुन समेत हामी हार्दिक अपिल गर्दछौँ। कसैले फाराम भर्न नसकेमा अरूको सहयोग लिन पाइन्छ। हामीले ओएनएसलाई स्वयंसेवी रूपमा विशेष सहयोग गर्दै आएका छौँ। व्यापक प्रचारप्रसार तथा चेतनामूलक काम पनि भैरहेको छ। तपाई हामीलाई कसैले काम लगाउन आउँदैन। आफ्नो जिम्मेवारी आफैँ बुझी आफ्नो क्षेत्रमा बस्ने कुनै पनि नेपालीको फाराम भर्न नछुटोस् भनेर ध्यान दिनु हामी सबैको कर्तव्य हो। हामीले नेपाली संघ संस्था बनाएको पनि हाम्रै समाजको सहयोगको लागि हो। समाजको सेवा गर्ने यो अति उत्तम मौका हो। यो मौका नचुकाउनु हुन हामी सम्पूर्ण युकेबासी नेपालीमा हार्दिक अनुरोध गर्दछौँ।

## सुझाव हाम्रो, निर्णय तपाईंको

तपाईंको निर्णयले हामी आफैँलाई र हाम्रो भावी सन्ततिलाई समेत असर गर्नेछ। हामी तपाईंको सहयोग र समझदारीको उच्च मूल्याङ्कन गर्दै यो अवसरलाई नेपालीको पहिचान बढाउने माध्यमको रूपमा प्रयोग गर्न सविनय अनुरोध गर्दछौँ। सुझाव हाम्रो, बाँकी तपाईंकै हातमा।

**जनगणनाबारे थप जानकारीका लागि** www.census.gov.uk मा गएर वा ०८०० १४१ २०२१ (भाषा हेल्प लाइन ०८०० ५८७ २०२१) मा फोन गरेर ओएनएसलाई सम्पर्क गर्नु होला। आफ्नो क्षेत्रको सरकारी 'सेन्सस् सपोर्ट सेन्टर'को सम्पर्क नम्बर खोज्न यो साइटमा जानुहोस् : https://census.gov.uk/en/find-a-support-centre/

कुनै समस्या भए नजिकको नेपाली संघसंस्थाको प्रतिनिधि वा हामीसँग सम्पर्क गर्नु होला। हामी सकेसम्म सघाउने कोसिस गर्ने छौँ।

**लोकेन्द्र पुरुष ढकाल, कार्यकारी निर्देशक**
सेन्टर फर नेपाल स्टडिज युके www.cnsuk.org
फोन ०७४ ११५५ ८७३२ (नरेश खपाङ्गी मगर)
इमेल cnsuk07@gmail.com
Centre for Nepal Studies UK (CNSUK)

**पुनम गुरुङ, अध्यक्ष**
गैरआवासीय नेपाली संघ युके (https://nrnauk.org/), *तथा*
**दीपक श्रेष्ठ, अध्यक्ष**
इङ्गल्यान्ड राज्य समन्वय परिषद
फोन: ०७९ ४३८६ ६६९०
इमेल: nrnaescc@gmail.com र
**कृष्ण भण्डारी, अध्यक्ष**
वेल्स राज्य समन्वय परिषद
फोन: ०७८ ५०५३ ४४०४
इमेल: kbhandari@hotmail.co.uk